# आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प. स. ०७९/८०
च नं

हाङपाङ, ताप्लेजुङ

मिति २०८०/०२/३०

श्री सरोकारवालाहरु सबै

विषयः फरफारक तथा भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयसँग सम्झौता गरी यस गाउँपालिका भर संचालनमा रहेका आयोजना/ योजना तथा कार्यक्रमहरुको भुक्तानी प्रयोजनका लागि आवश्यक कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई तथा कागजात सहित मिति २०८० असार १५ गते भित्र कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखामा पेश गर्नु हुन भनि यस अघि नै सुचना जारी भइ सकेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त हुन भन्दा ७ दिन अगावै भुक्तानी सम्पन्न गरि संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त भएको निकाशा खर्च नभइ बाँकी रहेमा बाँकी रहेको रकम समेत फिर्ता गरि सक्नुपर्ने कानुनी व्यवस्था भएको तथा स्थानीय संचितकोष व्यवस्थापन प्रणालीमा असार अन्त्यमा अत्याधिक चाप पर्न गई सिस्टममा खर्च लेखाङ्कन कार्य प्रभावित हुने, नियमावली बमोजिम सुंत्र प्रणाली बन्द हुनाले समयमै आफ्नो आयोजना/ योजना तथा कार्यक्रमहरुको भुक्तानी लिई सक्नु हुन पुनः सुचित गरिन्छ ।

तोकिएको समयभन्दा पछि कार्यालयमा पेश भएका आयोजना/ योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा कार्यालय जवाफदेही हुने छैन साथै भुक्तानी बाँकी रहेका आयोजना/ योजना तथा कार्यक्रमहरुको आगामी आर्थिक वर्षमा दायित्व समेत नसर्ने व्यहोरा समेत सरोकारवाला सबैको जानकारीका लागि यो सूचाना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

भेषराज निरौला
लेखापाल

२०८०/०२/३०

भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

website:aathraitribenimun.gov.np✉: aathrai.tribenimun@gmail.com ☎Tel: 9852660960

Scanned with OKEN Scanner